# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग


### प्रेश विज्ञप्ति

**प्रारम्भिक कारोवार सत्रको मूल्य सीमा र धितोपत्रको कारोवारमा न्यूनतम मूल्य परिवर्तन सीमा सम्बन्धमा ।**

बोर्डले धितोपत्र बजारको विकास र विस्तारका लागि विभिन्न सुधारहरु गरिरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा दोश्रो बजारको प्रारम्भिक कारोवार सत्रमा हाल मूल्य परिवर्तन सीमा पाँच प्रतिशत रहेकोमा सो सीमालाई घटाई दुई प्रतिशत कायम गरिएको छ । त्यस्तै, दोश्रो बजारमा धितोपत्रको कारोवार हुँदा हाल न्यूनतम मूल्य परिवर्तन सीमा एक रुपैयाँ रहेकोमा सोलाई घटाई १० पैसा कायम गर्ने गरी बोर्डले धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ को दोस्रो संशोधन (धितोपत्र कारोबार संचालन (दोस्रो संशोधन) विनियमावली, २०७८) स्वीकृत गरेको छ । यस व्यवस्थालाई आवश्यक प्रबन्ध मिलाई नेप्सेले कार्यान्वयनमा ल्याउने छ ।

प्रारम्भिक सत्रमा कारोवार भएको धितोपत्रको मूल्यमा भइरहेको अस्वभाविक उतार चढावलाई व्यवस्थित गर्नुपर्ने देखिएकोले उक्त सत्रमा हुने गरेको धितोपत्रको कारोवार मूल्य परिवर्तन सीमालाई घटाइएको हो । साथै, छिमेकी देश लगायत अन्तर्राष्ट्रिय असल अभ्यास अनुरुप हुने गरी धितोपत्र कारोवारको न्यूनतम मूल्य सीमालाई परिवर्तन गरिएको; जसबाट खरिदकर्ता र बिक्रीकर्ताले प्रतिस्पर्धी मूल्यमा धितोपत्र खरिद बिक्री गर्न सक्नुका साथै कारोवारमा समेत बृद्धि हुने देखिएको छ ।

उपर्युक्त व्यवस्था कार्यान्वयनमा आएपश्चात् प्रारम्भिक कारोवार सत्र थप व्यवस्थित हुने र न्यूनतम मूल्य परिवर्तन सीमा १० पैसा हुँदा लगानीकर्ताले प्रतिस्पर्धी मूल्य प्राप्त गर्न सक्ने देखिन्छ जसबाट दोश्रो बजार कारोवार थप लगानीकर्ता मैत्री हुने बोर्डले विश्वास लिएको छ ।

(निरज गिरी)
प्रवक्ता

मितिः २०७८।०३।१०


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np